# जोखिम व्यवस्थापनका लागि सजगता आवश्यक -गभर्नर डा. नेपाल

(सन्दर्भ: राष्ट्रिय जोखिम व्यवस्थापन सम्मेलन)

गभर्नर डा. चिरंजीबि नेपालले वैशाख २२ गते National Banking Institute द्वारा काठमाडौंमा आयोजित राष्ट्रिय जोखिम व्यवस्थापन सम्मेलन २०१६ को समुद्घाटन गर्नुभयो । सो सम्मेलनमा समुद्घाटन मन्तव्य दिनु हुँदै प्रमुख अतिथि गभर्नर डा. नेपालले बैंकिङ व्यवसायमा स्वभावतः जोखिम रहने भएकोले व्यवस्थापनका लागि सजगता आवश्यक रहेको उल्लेख गर्नुभयो ।



गभर्नर डा. नेपालले जोखिम व्यवस्थापन कार्य दिनानुदिन जटिल बन्दै गएको कुरा उक्त सम्मेलनमा बताउनु भयो । जोखिम व्यवस्थापनका चुनौतीहरुलाई अत्याधुनिक सूचना र प्रविधिको प्रयोग मार्फत न्यूनीकरण गर्न सकिने जानकारी दिँदै उहाँले सर्वसाधारणको निक्षेप परिचालन हुने भएकोले सोको रक्षाका लागि समेत बैंकिङ व्यवसायमा जोखिम व्यवस्थापन अपरिहार्य रहेको औंल्याउनु भयो ।




विश्वको कुनै एक क्षेत्रमा घटित घटनाले तुरुन्तै विश्वभरि नै प्रभाव पार्ने उदाहरण गभर्नर डा. नेपालले प्रस्तुत गर्नुभयो । समय समयमा दबाव परीक्षण गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउने, जोखिम प्रोफाइल खडा गर्ने, जोखिमसँग सम्बन्धित तालिम, कार्यशाला, गोष्ठी आदि गर्ने गरिएमा बैंकिङ व्यवसाय थप मजबुत हुने उहाँले बताउनु भयो । बैंकिङ क्षेत्रमा जोखिम व्यवस्थापनको महत्व दर्शाउँदै उहाँले नेपाल राष्ट्र बैंकले जारी गरेका मार्गदर्शन तथा निर्देशिकाहरुको पालनामा जोड दिनुभयो ।

सो एक दिने सम्मेलनमा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु लगायत अर्थ/वित्त क्षेत्रसँग सम्बद्ध विज्ञहरुको उपस्थिति थियो ।

मिति २०७३ वैशाख २२, बुधबार

गभर्नरको कार्यालय